Toll Free Number: 16600102999

# राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा सहकारी संस्थाको इजाजत पत्र नविकरण सम्बन्धी परामर्श कार्यक्रम

Date: 2083/06/23, Friday
Time: 11:00 AM

zoom

Meeting ID: 945 8663 1622
Passcode: ncbl

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)



# नमस्कार

९८६०९२२७१६
manoj.Lamichhane@ncbl.coop
fb.com/lnmanoj9841107569

**मनोज लामिछाने**
सहायक अधिकृत, राष्ट्रिय सहकारी बैंक लि.
सदस्य तथा तालिम विभाग

नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
# National Cooperatives Regulatory Authority
(स्थापना - २०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
Email: admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार
(स्थापना-२०८१)

मिति:२०८३/०६/१३

सूचना नं.३/२०८३/०८४

**<u>बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा जारी गरिएको सूचना।</u>**

प्राधिकरणबाट जारी गरिएको "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" बमोजिम प्राधिकरणबाट आ.व. २०८२/०८३ मा संचलान इजाजपत्र प्राप्त गरेका सहकारी संस्थाहरुले मिति २०८३ आश्विन मसान्तसम्ममा दर्ता हुनेगरी देहायबमोजिमका कागजात सहितको निवेदन प्राधिकरणको ईमेल ठेगाना : info@ncra.gov.np मा पेश गर्न सक्ने गरी सूचना प्रकाशन गर्ने भनी राष्ट्रिय सहकारी नियमन प्राधिकरण (अध्यक्षस्तर) निर्णय भएकोले प्राधिकरणबाट इजाजतपत्र प्राप्त संस्थाहरुले देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन पेश गर्नुहुन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. संस्थाको सञ्चालन इजाजतपत्र प्रतिलिपि,
२. संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनको वासलात विवरण देखिने प्रमाणित पृष्ठ,
३. संस्थाको आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. संचालक समितिको पदाधिकरीहरुको निर्वाचन गरेको पछिल्लो साधारणसभाको निर्णयको प्रतिलिपि,
५. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" को दफा ३क. बमोजिम संचालक पदाधिकारी तथा व्यवस्थापकको फिट एण्ड प्रोपर टेस्टको कागजातहरुको व्यक्तिगत अभिलेख तयार गरी खण्ड (च) र (छ) बमोजिमको व्यहोरा प्रहरी प्रतिवेदनबाट र खण्ड (ज) बमोजिमको व्यहोरा कर्जा सूचना केन्द्रबाट प्रमाणित भएको कागजात,
६. तोकिए बमोजिमको स्वघोषणा,
७. सहकारी नियमावली, २०७५ को नियम ७क. को उपनियम (२) बमोजिमको संस्थाको वासलातको आधारमा तिरिएको नवीकरण दस्तुरको भौचर,

पुनश्चः १. तोकिएको अवधिभित्र संस्था नवीकरणको लागि निवेदन पेश नभएको हकमा नियमावली बमोजिम थप दस्तुर लाग्नेछ।

२. प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ मा सातौं संशोधनको सूचना जारी हुन अगाडी सञ्चालक समितिको निर्वाचनबाट निर्वाचित भई कार्यकाल बाँकी रहेका पदाधिकारीको हकमा फिट एण्ड प्रोपर टेस्ट सम्बन्धी शैक्षिक योग्यताको व्यवस्था लागू नहुने।

..............................

(केशवराज भट्टराई)

निर्देशक

(राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८३/०५/१० गते बसेको २९ औं बैठकबाट स्वीकृत)

## बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको दर्ता अभिलेखीकरण (सातौं संशोधन) मापदण्ड, २०८३



“३क. **सहकारी संस्थाका संचालक, पदाधिकारी तथा प्रमुख कार्यकारीको योग्यता तथा अनुभव सम्बन्धी व्यवस्था** :

१. संस्थाका संचालक, पदाधिकरी तथा प्रमुख कार्यकारी पदमा रहने व्यक्तिहरुको योग्यता, अनुभव सम्बन्धी मापदण्ड अनिवार्य पालना गर्नु गराउनु पर्नेछ।

२. उपदफा (१) बमोजिमको योग्यता र अनुभव सम्बन्धमा देहायबमोजिमको विवरण सहकारी संस्थाले एकिन गरी गराई सोको प्रमाणित हुने कागजातहरु तयार गरी संस्थामा अभिलेख राख्नु पर्नेछः

क) २१ वर्ष उमेर पूरा भएको,

ख) पाँच करोड रुपैयाँ सम्म कूल सम्पत्ति वा दायित्व भएको संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष पदको लागि कम्तिमा १० कक्षा उत्तीर्ण गरी सहकारी संस्थाको कुनै समितिमा रही कम्तिमा एक वर्ष कार्यानुभव हासिल गरेको,

ग) पाँच करोड रुपैयाँ भन्दा बढी कूल सम्पत्ति वा दायित्व भएको संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष पदको लागि कम्तिमा बाह्र कक्षा उतीर्ण गरी सहकारी संस्थाको कुनै समितिमा रही कम्तिमा दुई वर्ष कार्यानुभव हासिल गरेको,

घ) पच्चिस करोड रुपैयाँ सम्म कूल सम्पत्ति वा दायित्व भएको संस्थाको व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पदको लागि व्यवस्थापन, वाणिज्यशास्त्र वा वित्त विषयमा न्यूनतम दश जोड दुई उत्तीर्ण गरेको,

ङ) पच्चिस करोड भन्दा बढी कूल सम्पत्ति वा दायित्व भएको संस्थाको व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पदको लागि व्यवस्थापन, वाणिज्यशास्त्र वा वित्त विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरेको र बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामा कम्तिमा दुई बर्ष कार्य गरेको,

च) फौजदारी अभियोगमा सजाय नपाएको, पाएको भए कसूर बमोजिमको सजाय भुक्तान भएको न्यूनतम तीन बर्ष पूरा भएको,

छ) बैंकिङ्ग तथा वित्तीय कसूरमा सजाय नपाएको, पाएको भए कसूर बमोजिमको सजाय भुक्तान भएको न्यूनतम तीन बर्ष पूरा भएको,

**Police Report**

ज) कालो सूचिमा नपरेको, परेको भएमा कालो सूचिबाट हटेको तीन बर्ष पूरा गरेको,

**CICL**

झ) संस्थाको रकम हिनामिना नगरेको,

ञ) निष्क्रिय अवस्थामा नरहेको वा समस्याग्रस्त घोषणा हुँदा त्यस्तो संस्थाको संचालक नरहेको स्वघोषणा,

ट) खण्ड (च) र (छ) बमोजिमको व्यहोरा प्रहरी प्रतिवेदनबाट र खण्ड (ज) बमोजिमको व्यहोरा कर्जा सूचना केन्द्रबाट प्रमाणित भएको कागजातहरु प्राधिकरणको विद्युतीय प्रणालीमा समेत अपलोड गर्नुपर्नेछ।

३. संस्थाको इजाजतपत्र जारी वा ऐनको दफा १६ को उपदफा (८) प्रारम्भ भएपश्चात् पहिलोपटक नवीकरणको लागि प्राधिकरणको विद्युतीय प्रणालीमा विवरण प्रविष्टि गर्दा संस्थाले उपदफा (२) बमोजिम योग्यता तथा अनुभव एकिन गरिएको प्रमाणित हुने कागजातहरु संस्थामा अभिलेख राख्नुपर्नेछ र संस्थाले उपदफा (२) बमोजिम योग्यता तथा अनुभवको स्वघोषणा व्यवस्थापकबाट प्रमाणित गरी प्राधिकरणको प्रणालीमा अपलोड भए पछि ऐनको दफा १६ को उपदफा (८) बमोजिम योग्यता र अनुभव (फिट एण्ड प्रोपर टेस्ट) सम्बन्धी मापदण्ड पूरा भएको मानिने हुँदा संस्थाको व्यवस्थापकले स्वघोषणा प्रमाणित गर्दा उपदफा २ बमोजिमका सम्पूर्ण विवरणहरु पछिसम्म फरक नपर्ने गरी एकिन गरी प्रमाणित गर्नु पर्ने छ। एकपटक फिट एण्ड प्रोपर टेस्टका लागि कागजात अपलोड गरेका सञ्चालकको हकमा संस्थाले नवीकरण गर्दा पुनः कागजात अपलोड गर्नुपर्ने छैन।

[सम्बन्धित सहकारीको लेटर हेडमा तयार गर्ने]

(संस्थाको छाप सहित)

मिति: २०८३ / /

श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण,
हरिहरभवन, पुल्चोक, ललितपुर।

**बिषय: स्व-घोषणा।**

यस ................................... सहकारी संस्थालाई सहकारी ऐन, २०७४ को दफा १६क. बमोजिम तहाँ प्राधिकरणमा दर्ता अभिलेखीकरण (संचालन इजाजतपत्र)/नवीकरण गर्ने प्रयोजनको लागि यस संस्थाको देहाय बमोजिमको विवरण रहेको व्यहोरा प्रमाणित गर्दछु।

**१. संस्थाको वित्तीय विवरण:**

| विवरण | रकम रु. /प्रतिशत | कैफियत |
|---|---|---|
| कुल बासालात रकम (रु) | रु. | |
| कुल बचत रकम रु. | रु. | |
| वासलातको आधारमा कुल बचत रकमको प्रतिशत | ...................% | |
| कुल ऋण लगानीको रकम (रु) | रु. | |
| वासलातको आधारमा कुल ऋण लगानी रकमको प्रतिशत | ...................% | |

२. सहकारी ऐन, २०७४ को दफा १६क. को उपदफा (८) तथा बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ (संशोधन सहित) दफा ३क. मा भएको व्यवस्था बमोजिम संस्थाका **सञ्चालक, पदाधिकारी तथा प्रमुख कार्यकारी** पदमा रहने व्यक्तिहरुको शैक्षिक योग्यता, अनुभव, फौजदारी अभियोग, संस्थाको रकम हिनामिना/अपचलन तथा कालो सूची लगायतका योग्यता तथा अनुभव सम्बन्धी विवरण संस्थाले एकिन गरी सोको प्रमाणित हुने कागजातहरु पछिसम्म पनि फरक नपर्ने गरी संस्थामा अभिलेख गरी राखिएको छ।

३. यस संस्थालाई कुनै नियामकीय निकायले समस्याग्रस्त सहकारी घोषणाको लागि कारवाही प्रक्रिया अघि बढाएको छैन।

४. प्राधिकरणको FCRS प्रणालीमा सहकारी संस्थाको **दर्ता अभिलेखीकरण (संचालन इजाजतपत्र)/ नवीकरण** प्रयोजनका लागि प्रविष्ट गरिएका सम्पूर्ण विवरणहरु ठीक साँचो छन्। FCRS प्रणालीमा प्रविष्ट गरिएका र यो स्वघोषणामा उल्लिखित विवरण झुठा ठहर भए वा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**नाम :**

**पद : व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत**

**दस्तखत :**

**मिति :**

कर्जा सूचना केन्द्र लि.
Credit Information Bureau of Nepal

**सञ्चालक समितिका पदाधिकारीहरूको कालोसूची जाँचसम्बन्धी सूचना**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८३/०६/१३ मा जारी गरिएको "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा" सूचना नं. ३/२०८३/०८४ को बुँदा नं. ५ मा उल्लेखित व्यवस्था बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारीहरूको कालोसूची (Blacklist) जाँच गराउनु पर्ने व्यहोरा सम्बन्धित सबै सहकारी संस्थाहरूलाई जानकारी गराइन्छ।

उक्त व्यवस्थाको कार्यान्वयनका लागि सम्बन्धित सहकारी संस्थाहरूले आफ्ना सञ्चालक समितिका पदाधिकारीहरूको कालोसूची जाँचका लागि कर्जासूचना केन्द्र लिमिटेडलाई सम्बोधन गरिएको आवेदन पत्र पेश गर्नुपर्नेछ। आवेदन पत्रसँगै प्रत्येक सञ्चालक समितिका पदाधिकारीको देहायबमोजिमको विवरण भएको तालिका अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। पत्रमा समावेश गरिने सञ्चालक समितिका पदाधिकारीहरुको विवरण देहायबमोजिमको तालिकामा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्नेछ।

| क्र.सं. | सञ्चालक समितिका पदाधिकारीको नाम | बाबुको नाम | बाजेको नाम | नागरिकता नं. | नागरिकता जारी जिल्ला |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

## आवश्यक कागजातहरू

कालोसूची जाँचका लागि आवेदन पेश गर्दा देहायका कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ:

१. कर्जासूचना केन्द्र लिमिटेडलाई सम्बोधन गरिएको आवेदन/कभर पत्र
२. सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि
३. कालोसूची जाँच शुल्क भुक्तानी गरेको रसिद

## कालोसूची जाँच शुल्क

सञ्चालक समितिका प्रत्येक पदाधिकारीको कालोसूची जाँचका लागि **प्रति व्यक्ति रु. ३३९/-** शुल्क लाग्नेछ। त्यसैले संस्थामा रहेका सञ्चालक समितिका पदाधिकारीहरूको संख्याका आधारमा कुल शुल्क भुक्तानी गर्नुपर्नेछ।

उदाहरणका लागि, कुनै सहकारी संस्थामा ११ जना सञ्चालक समितिका पदाधिकारी भएमा जम्मा रु. ३,७२९/- (रु. ३३९ × ११) भुक्तानी गर्नुपर्नेछ।

## भुक्तानी सम्बन्धी व्यवस्था

कालोसूची जाँच शुल्क भुक्तानीका लागि आवश्यक QR Code यस सूचनासँग संलग्न गरिएको छ। शुल्क भुक्तानी गरेपश्चात् भुक्तानीको रसिद अनिवार्य रूपमा पठाउनुपर्नेछ।




फोनपे सेवा उपलब्ध नभएको अवस्थामा भुक्तानीका लागि कृपया तल दिइएको खाता नम्बरमा भुक्तानी गर्नुहोस्

**Citizen's Bank**
**Account Name:** Karja Suchana Kendra Limited
**Account Number:** 08501000400201

**आवेदन तथा कागजात पठाउने सम्बन्धमा**

सम्पूर्ण आवश्यक कागजात तथा शुल्क भुक्तानीको प्रमाण सहितको आवेदन देहायको ईमेल ठेगानामा पठाउनुपर्नेछ:

**Email:** customer.care@cibnepal.org.np

सम्पूर्ण कागजात तथा शुल्क भुक्तानीको पुष्टि प्राप्त भएपछि सञ्चालक समितिका पदाधिकारीहरुको कालोसूची जाँच प्रक्रिया अगाडि बढाइनेछ।

# दर्ता अभिलेखिकरण नविकरण दस्तुर

| वासलात रकम | दस्तुर रु |
|---|---|
| २ करोडसम्म | १,०००/- |
| २+, १० करोडसम्म | ३,०००/- |
| १०+, २५ करोडसम्म | ५,०००/- |
| २५+, ५० करोडसम्म | ७,०००/- |
| ५०+, १ अर्बसम्म | १०,०००/- |
| १ अर्बभन्दा बढि | १५,०००/- |

| आश्विन मसान्तसम्म | नियमित दस्तुर |
|---|---|
| पौष मसान्तसम्म | दस्तुर + ५०% |
| पौष मसान्तपछि | दस्तुर + १००% |

Cooperative Build a Better World #EnergizedToServe #NCBL

नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)
पुल्चोक, ललितपुर

फोन नं. : ०१-५०१०१३१
०१-५०१०२३७
Website: www.ncra.gov.np
E-mail: admin@ncra.gov.np
info@ncra.gov.np

प.सं. ०८३/०८४

च.नं.

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

मिति: २०८३/०६/१४

सूचना नं.०४/२०८३/०८४

## इजाजतपत्र नवीकरण दस्तुर जम्मा गर्ने सम्बन्धमा जारी गरिएको सूचना।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८३/०६/१३ मा प्रकाशित सूचना नं ३/०८३/८४ को सूचनाबमोजिम संस्थाहरुको इजाजतपत्र नवीकरणको लागि सहकारी नियमावली, २०७५ को नियम ७क. को उपनियम (२) बमोजिमको तोकिएको नवीकरण दस्तुर प्राधिकरणको देहायबमोजिमको बैक खातामा/तल दिइएको क्युआर कोड स्क्यान गरी जम्मा गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिएको छ।

पुनश्च : १. नवीकरण दस्तुर जम्मा गर्दा बैक भौचरमा सम्बन्धित संस्थाको नाम र जम्मा गरेको मिति स्पष्ट बुझिनेगरी उल्लेख गर्नुहुन साथै तोकिएको नवीकरण दस्तुर भन्दा बढी रकम जम्मा भएमा स्वयम् संस्था नै जिम्मेवार हुनेछ।

२. फिट एण्ड प्रोपर टेस्ट सम्बन्धी विवरणको लागि प्राधिकरणबाट मिति २०८३/०६/०५ मा "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" को सातौं संशोधनको सूचना अनुसार गर्नुहुन।

देहाय:

दस्तुर जम्मा गर्ने बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक, पूल्चोक शाखा

खाताको नाम : KA-2.10.2 Rastriya Sahakari Niyaman Pradhikaran Amdani Khata

खाता नं: 1140100102100201

fonepay

नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त

KA-2.10.2 Rastriya Sahakari Niyaman Pradhikaran Amdani Khata

Terminal: 2222170021702724

Branch: PULCHOWK

..............................

(श्रीधर ज्ञवाली)

शाखा अधिकृत

# खुला छलफल

# धन्यवाद !

# फेरी भेटौंला !

९८६०९२२७१६

Cooperative Build a Better World #EnergizedToServe #NCBL